नेपाल सरकार
गृह मन्त्रालय

कार्यालय :-०४१-४२००७५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np
daodhanusha20@gmail.com

# जिल्ला प्रशासन कार्यालय,धनुषा

जनकपुरधाम

पत्र संख्या : ०८०/०८१(प्रशा.)
चलानी नं.:

मितिः- २०८०/०४/२२

श्री सूचना प्रविधि शाखा, वडा कार्यालय लगायत सम्पूर्ण कर्मचारी, जनप्रतिनिधिहरु लगायत जानकारी गराउनु।

## विषय : धुम्रपान र सूर्तिजन्य पदार्थ निषेध सम्बन्धी सार्वजनिक सूचना ।

सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ को दफा ४ बमोजिम धनुषा जिल्ला भित्रका सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था, स्वास्थ्य सम्बन्धी संस्था, विमानस्थल, सार्वजनिक सवारीका साधन, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, जानकी मन्दिर, राम मन्दिर, संकटमोचन हनुमान मन्दिर लगायतका धार्मिक स्थलहरु, धर्मशाला, रेल्वे स्टेशन, चलचित्र घर, साँस्कृतिक केन्द्र तथा नाट्यशाखा, छात्रा/छात्रको छात्रावास तथा अतिथि गृह, सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर लगायत सार्वजनिक स्थलहरु र सो आसपासका १०० मीटर वरिपरिको क्षेत्रमा धुम्रपान र सूर्तिजन्य पदार्थ (चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, पान, सूर्ति) बिक्रि वितरण गर्न/गराउन र सेवन गर्न पुर्ण रुपमा निषेध गरिएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि अनुरोध छ । यस सूचनाको विपरित धुम्रपान र सूर्ति सेवन र बेचबिखन गरेमा प्रचलित कानूनी कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

२०८०।४।२२
प्रमुख जिल्ला अधिकारी

औरही गाउँपालिका
दर्ता नं. ९०५
दर्ता मिति २०८०।४।२१